प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# नेपाल बनेपा बहुप्राविधिक शिक्षालय

बनेपा-५, काभ्रेपलाञ्चोक

पत्र संख्या : -२०८२/०८३
चलानी नं.: - ५६

इमेल : nbpi.edu@gmail.com
फोन :०११-६६०८६७
६६४२९०
फ्याक्स : ०११-६६०६२५

मितिः २०८२/०४/१२

**विषयः म्याद थप सम्बन्धमा ।**

श्री नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल नगरपालिका,
पाँचखाल, काभ्रेपलाञ्चोक ।

उपर्युक्त सम्बन्धमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतको आङ्गिक संस्था यस नेपाल बनेपा बहुप्राविधिक शिक्षालयमा सञ्चालित Diploma in Information Technology, Diploma in Electrical Engineering, Diploma in Hotel Management, Diploma in Civil Engineering र Diploma in Geomatics Engineering कार्यक्रमहरुमा यसै पत्रसाथ संलग्न शैक्षिक सत्र २०८२/०८३ को अनलाइन आवेदन पेश गर्ने म्याद **मिति २०८२/०४/२० गते मंगलबारसम्म** थप भएको व्यहोरा त्यस नगरपालिका/गाउँपालिका मार्फत् मातहतका वडा कार्यालयहरु तथा सामुदायिक विद्यालयहरु र तहांको सूचनापाटी/सामाजिक सञ्जालमार्फत् संप्रेषण गरी सहयोग गरिदिनुहुन अनुरोध छ । साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालयको अनलाइन आवेदन दिने आधिकारिक वेबसाइटको QR Link र आवेदक उम्मेदवारको जानकारीका लागि शिक्षालयको आधिकारिक फेसबुक पेजको QR Link तपसिल अनुसार रहेको छ ।

**तपसिल**

१. अनलाइन आवेदन दिने QR Link

२. शिक्षालयको आधिकारिक फेसबुक पेजको QR Link

इश्वरचन्द्र घिमिरे
शिक्षालय प्रमुख

बागमती प्रदेश, बनेपा नगरपालिका वडा नं. ५,काभ्रेपलाञ्चोक, नेपाल, वेबसाइट : www.nbpi.edu.np

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा, काभ्रेपलाञ्चोकको

## अनलाइन आवेदन पेश गर्ने म्याद थप सम्बन्धी सूचना

प्रकाशन मिति : २०८२/०४/११

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् **(CTEVT)** को आङ्गिक संस्था यस नेपाल बनेपा बहुप्राविधिक शिक्षालय **(NBPI)**, बनेपा, काभ्रेपलाञ्चोकमा सञ्चालन हुने **डिप्लोमा तह इन्फरमेशन टेक्नोलोजी, डिप्लोमा तह इलेक्ट्रिकल ईन्जिनियरिङ्ग, डिप्लोमा तह होटल म्यानेजमेन्ट, डिप्लोमा तह सिभिल ईन्जिनियरिङ्ग र डिप्लोमा तह जियोमेटिक्स ईन्जिनियरिङ्ग** कार्यक्रमहरूमा **प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा** शैक्षिक सत्र २०८२/०८३ को लागि प्रशिक्षार्थी छनौट तथा सिफारिस गर्ने मिति २०८२/०४/११ गते आइतवार प्रकाशित सूचना बमोजिम तपसिल अनुसारका स्वीकृत कार्यक्रम र कोटाहरुमा आवेदन खुला भएको हुँदा इच्छुक योग्यता पुगेका उम्मेदवारहरुले मिति २०८२ साउन २० गते मंगलबारभित्र अनलाइन आवेदन पेश गर्नेगरी म्याद थप भएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क.सं. | विवरण | कार्यक्रम/सिट संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | डिप्लोमा तह सूचना प्रविधि | डिप्लोमा तह इलेक्ट्रिकल ईन्जिनियरिङ्ग | डिप्लोमा तह होटल व्यवस्थापन | डिप्लोमा तह सिभिल ईन्जिनियरिङ्ग | डिप्लोमा तह जियोमेटिक्स ईन्जिनियरिङ्ग |
| १. | छात्रवृत्ति | ५ जना | ५ जना | ४ जना | ५ जना | ५ जना |
| क. | जेहेन्दार छात्रवृत्ति कोटा | १ जना | १ जना | १ जना | १ जना | १ जना |
| ख. | वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा | ४ जना | ४ जना | ३ जना | ४ जना | ४ जना |
| २. | सहुलियत कोटा (बनेपा नगरपालिका) | ४ जना | ४ जना | ३ जना | ४ जना | ४ जना |
| ३. | परिषद् (CTEVT) कर्मचारी/प्रशिक्षक वा परिवार आरक्षण कोटा | १ जना | १ जना | १ जना | १ जना | १ जना |
| ४. | **पूर्ण शुल्कीय लक्षित वर्ग कोटा** (अपाङ्ग, पूर्व कमैया/हलिया, पिछडिएको दुगर्म क्षेत्र, दलित, महिला, आदिवासी-जनजाति, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द्व पिडित/विस्थापित/बेपत्ता/सहिद परिवार/घाइते वा निजको सन्तती वर्गका लक्षित समूह) | ५ जना | ५ जना | ४ जना | ५ जना | ५ जना |
| ५. | प्रि-डिप्लोमा/टि.एस.एल.सी. (पूर्ण शुल्कीय) कोटा | ५ जना | ५ जना | ४ जना | ५ जना | ५ जना |
| ६. | पूर्ण शुल्कीय खुला कोटा | २८ जना | २८ जना | २४ जना | २८ जना | २८ जना |
| | जम्मा (१+२+३+४+५+६) | ४८ जना | ४८ जना | ४० जना | ४८ जना | ४८ जना |

१. **अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता**

| क.सं. | कार्यक्रम | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | डिप्लोमा तह सूचना प्रविधि, इलेक्ट्रिकल ईन्जिनियरिङ्ग, सिभिल ईन्जिनियरिङ्ग, जियोमेटिक्स ईन्जिनियरिङ्ग तथा डिप्लोमा तह होटल व्यवस्थापन | **(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि. डिप्लोमा तहको कूल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| | | **(ख) अक्षराङ्कन पद्धति लागू भए पछिको प्रवेशिका परीक्षाको हकमा:** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरीकृत अंक ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि डिप्लोमा तहको कूल पूर्णाङ्कमा ६८.३३% अंक प्राप्त गरी उत्तीर्ण गरेको । |
| | | **(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत संचालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुमा प्रि-डिप्लोमा तह वा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेकाहरुले आफूले अध्ययन गरेको कार्यक्रम अथवा सोही संकायको अन्य कार्यक्रममा समेत अध्ययन गर्न पाउने ।** |

२. **अनलाइन आवेदन शुल्क : रु.१,०००/- (एक हजार रुपैयाँ मात्र)**

३. **अनलाइन आवेदन बुझाउने म्याद थप भएको सुरु र अन्तिम मिति : २०८२ श्रावण १२ गते सोमबारदेखि २०८२ श्रावण २० गते मंगलबार राती ११:५९ बजेसम्म ।**

४. **अनलाइन आवेदन फाराम भर्ने प्रणाली :**

(क) डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरूमा भर्नाका लागि Online प्रणाली मार्फत आवेदन दिनुपर्ने छ । यसका लागि परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np मा भएको Online Form को Link मा गई आफूले अध्ययन गर्न चाहेको कार्यक्रम र कोटा छनोट गरी तोकिएको मिति र समयभित्र Online Application Form Submit गर्नुपर्नेछ ।

(ख) आवेदन फाराम आवेदक स्वयंले प.नि.का.बाट तोकिएको मिति र समयभित्र Online Application Form भर्नु पर्नेछ । शिक्षालयमा आवेदक परीक्षार्थीहरुको सहजताका लागि कार्यालय समयभित्र अनलाईन आवेदन फाराम भर्न अनलाईन आवेदन सहयोग कक्ष सञ्चालन गरिने छ ।

(ग) Online Application Form मा आफूले अध्ययन गर्न चाहेको कार्यक्रम, प्रदेश, शिक्षालय, कोटा उल्लेख गर्नु पर्नेछ ।

(घ) Online Application Form को साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो र तोकिए बमोजिमका कागजातहरू अनिवार्य रूपमा अपलोड गरी प.नि.का.ले उपलब्ध गराएको विद्युतीय भुक्तानी Platform मार्फत तोकिएको आवेदन शुल्क जम्मा गर्नु पर्नेछ ।

(ङ) Online Application Form submit नभएका आवेदकहरूलाई छनोट तथा योग्यताक्रममा समावेश गराईने छैन साथै तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता, शुल्क, फोटो र कागजातहरू समावेश नभएका अनलाईन आवेदन फारामहरू स्वत: रद्ध हुनेछ ।

(च) आवेदन फाराम आवेदक स्वयंले Online माध्यमबाट प्रक्रिया पूरा गरी भर्नु पर्नेछ । Online Approve भएपछि आवेदन फाराम बापत जम्मा गरेको रकमको रसिद उम्मेद्वार स्वयंले Online बाट प्रिन्ट गर्न सक्नेछ।

(छ) छनोट भएका उम्मेद्वारहरूले भर्ना प्रक्रिया तथा रजिष्ट्रेशनको समयमा Application Acceptance Card प्रिन्ट गर्न सक्नेछन् र सो कार्ड सुरक्षित राख्नु पर्नेछ ।

(झ) आवेदन फाराम भर्दा उम्मेद्वारले पूर्ण शुल्कीय (खुल्ला, लक्षित र प्रि-डिप्लोमा) कोटामा तोकिए बमोजिमका कागजातहरुको सक्कलबाट स्क्यान गरी अनलाइन अपलोड गर्नु पर्नेछ । तोकिए बमोजिमका कागजातहरु अनलाइन अपलोड नगरेमा आवेदन फाराम स्वत: रद्द हुनेछ । स्क्यान गरी पेश गरेका कागजातहरूको सक्कल प्रति शिक्षालयमा भर्नाको समयमा पेश गर्नु पर्नेछ ।

५. **अनलाइन आवेदन फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

(क) नागरिकताको (नाबालकको हकमा जन्म दर्ता) प्रमाण-पत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(ख) एस.ई.ई. वा एस.एल.सी.वा प्राविधिक एस.एल.सि.(प्रि डिप्लोमा) वा सो सरहको लब्धाङ्कपत्र र चारित्रिक प्रमाण-पत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(ग) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको नियकाद्वारा समकक्षता निर्धारण गरिएको प्रमाण-पत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(घ) पूर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने परीक्षार्थीहरुले **भर्ना सम्बन्धी निर्देशिका-२०८२ को दफा ७** मा तोकिए बमोजिम आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातहरुको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(ङ) बनेपा नगरपालिका कोटाको लागि बनेपा नगरपालिका कार्यालयको सक्कल सिफारिस-पत्रको स्क्यान गरिएको प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) विदेशी नागरिकको हकमा सम्बन्धित देशको नागरिक खुल्ने कागजात वा नेपालस्थित सम्बन्धित देशको राजदुतावासबाट जारी गरिएको कागजातको सक्कलबाट स्क्यान गरिएको प्रति ।

(छ) नेपालमा बसोबास गर्दै आएका शरणार्थी छात्रछात्राको हकमा नेपाल सरकार वा तोकिएका निकायहरूबाट प्रदान गरिएको शरणार्थी पत्रको सक्कलबाट स्क्यान गरिएको प्रति ।

६. **शुल्क संरचना तालिका (सबै कार्यक्रमहरुको लागि) :**

| क.सं. | विवरण | वर्ष/सेमेष्टर | | | | | | कुल जम्मा रू. |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम/प्रथम | प्रथम/दोस्रो | दोस्रो/प्रथम | दोस्रो/दोस्रो | तेस्रो/प्रथम | तेस्रो/दोस्रो | |
| १ | पूर्ण शुल्क खुला/लक्षित वर्ग कोटा | २३१०० | १०७०० | १२४०० | १०७०० | १२४०० | १०७०० | ८०००० |
| २ | नगरपालिका कोटा | १३८५० | १४५० | ३१५० | १४५० | ३१५० | १४५० | २४५०० |

७. **अन्य :**

(क) थप जानकारी लिनुपरेमा नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा-५, काभ्रेपलाञ्चोकको फोन ०११-६६४२९०, ०११-६६०८६७ मा सम्पर्क गर्न सकिनेछ र वेबसाइट www.nbpi.edu.np बाट समेत जानकारी लिन सकिनेछ ।

शिक्षालय प्रमुख

शिक्षालय प्रमुख